# २

# आत्मनिर्णयको अधिकार अर्थात् भाग्यको खेल नभएर प्रत्येक व्यक्तिलाई प्रदान गरिएको रोज्ने विवेकको शक्ति

**यस अध्यायको निम्ति पढ्नुहोस्:** उत्पत्ति ३:१-१३, व्यवस्था ३०:१०-१९, भजन ११९:११, कलस्सी ३:२, हिब्रु ११:८-१०।

<u>कण्ठ गर्नुपर्ने पद:</u> "राजाको खाना र रक्सी पिएर आफूलाई अशुद्ध नबनाउने दानियलले निर्णय गरे।" दानियल १:८

मिना र कविता (काल्पनिक नाम) दुई दिदि बहिनीहरू थिए। मिना कविता भन्दा दुई वर्षमा जेठी थिइ। दुवै जना ममता र मायाले भरिएको घरमा हुर्केका थिए। जब मिना युवाअवस्थामा प्रवेश गरिन्, उनी पढ्नमा अत्यन्त लगनशील भएकी थिइन्। जब उनले हाइस्कुल सिध्याइन् त उनी विश्वविद्यालयमा व्यापारिक अध्यापन गरिन्। आज उनी तिस वर्षकी छिन् र एक व्यापरिक कम्पनीमा एक जिम्मेवार ओहोदालाई सम्हालिएर बसेकी छिन्।

कविताले कष्टरहित सजिलो जीवन बिताएर रमाइलो गर्ने बाटो चुनिन्। उनी स्कुल जान छोडिन् र साथीहरूको वहकावमा लागेर चुरोट, रक्सी, जाँड र अरू लागुपदार्थहरूलाई सेवन गर्न थालिन्। आज उनी बिना श्रीमानको पत्नी हुन पुगिन् र आफूले पाएको बच्चालाई सरकारको हुण्डी खाएर जीवन बिताइरहेकी छिन्। उनी लागुपदार्थ सेवनबाट छुट्ने कार्यक्रममा पनि सहभागी भएकी छिन्। उनी किन यस्तो खाडलमा पुगिन् भनेर जान्न खोज्दा, उनी भित्री मनमा आफ्नी दिदीको सफलताप्रति डाह गर्दथिन् भन्ने तथ्य पत्ता लगाइयो। आफ्नी दिदिको सफलताप्रति गौरव गरेतापनि डाह र ईखले गर्दा दिदीको सफलताको सिँढीमा उनी उक्लिन सकिनन्।

यो कुनै काल्पनिक कथा नभएर दैनिक जीवनमा घट्ने घट्ना हो। दुवै दिदीवहिनीले त्यहि ममतामयी घरमा हुर्केका थिए, त्यहि पढन् अवसर पाएका थिए। तर मिनाले एउटा बाटो रोजिन् र कविताले अर्कै। आज दुवै जना आफ्ना आत्मनिर्णयको परिणाममा जीविका चलाइरहेका छन्।

आत्मनिर्णय तथा स्वविवेकको अधिकार हामी सबैलाई दिइएको छ। हरदिन र हरक्षण त्यसलाई उपयोग गर्ने अभिभारा पनि हामीलाई सुम्पिएको छ। र हामी आफैले गरेको आत्मनिर्णयको प्रतिफलमा रहनको विकल्प अरू नभएको हामीले पाइरहेकाछौं।

अन्ततः हाम्रो सबैको सामु एउटा महत्वपूर्ण प्रश्न खडा भइरहेको पाउँछौंः हामीले पाएको आत्मिनिर्णयको अधिकार वा स्वविवेकलाई कसरि प्रयोग गरीरहेकाछौं? हरदिन हामीले चुनेरै बिताउनु पर्दछ। कुनै कुरा ठिक वा उचित हो भनेर कसरी थाहा पाउने? यस अध्यायमा हामीले आत्मनिर्णय अर्थात् चुन्ने अधिकारको बारेमा सिक्नेछौं।

यस अध्यायको झलकः परमेश्वरले प्रत्येक मानव जातीलाई आत्मनिर्णय अर्थात् स्वविवेक प्रयोग गरि छनौत प्रक्रियाको अधिकार दिनुभएको छ। यसको अर्थ हाम्रो जीवनलाई कुन् मोडमा लाने हो, कुनै भाग्यको खेल नभएर हाम्रै हातमा परमेश्वरले सुम्पिनुभएको छ। हामीले झेल्ने सबै कुराहरू हाम्रै निर्णयको परिणाम हुन्।

## १, स्वतन्त्र अर्थात् आत्मनिर्णय गर्ने अधिकार काल्पनिक नभएर वास्तविक हुन् (उत्पत्ति २:१६,१७)

आज धेरै मानिसहरू स्वतन्त्रताको पक्षमा वकालत गरिरहेको पाउँछौं। विविन्न राजनैतिक वादहरूले प्रायजसो “स्वतन्त्र अर्थात् आत्मनिर्णयको" बारेमा प्रचार प्रसार गर्दछन् र आफ्नो वादलाई अरूभन्दा असल छन् भनेर जनमानसलाई तान्न खोज्दछन्। अमेरिकाको एउटा राज्यमा यो आदर्शवादप्रति गौरब गर्दछन्ः स्वतन्त्रसँग जीउनु वा मर्नु।"

वास्तविक भन्ने हो भने स्वतन्त्र भन्ने विषय एकदम गहिरो विषय हो। विभिन्न मानिसलाई विभिन्न परिस्थितिमा यस शव्दलाई वाख्या गर्न सकिन्छ। जब मानिसहरूले स्वतन्त्र वा आत्मनिर्णयसाथ जीउने भनेर तर्क गर्दछन् त्यसको अर्थ यहि नै हो भन्न सजिलो छैन।

तर एउटा कुराको निश्चयतालाई बिर्सनु हुँदैन। जब परमेश्वरले मानव जातलाई सृष्टी गर्नुभयो, (चाहे पुरुष, स्त्री वा बालबालिका होउन्), उसलाई नैतिकवान वा सदाचारमा चल्न बनाउनुभएको थियो। मानव जात सतरूपमा नैतिकवान बन्न कुन ठिक कुन वेठिक भनेर छान्ने अधिकार उसलाई दिएको हुनुपर्दछ। यदि यो अधिकार उनीहरूमा भएन भने तिनीहरू स्वतन्त्र छन् भन्न सक्दैनौं।

आदमलाई परमेश्वरले भन्नुभयोः “बँगैचाका सबै रूखका फल तिमीले सङ्कोच नमानी खाए हुन्छ। तर असल र खराबको ज्ञान दिने रूखको फल चाहिँ नखानु, किनभने जुन दिन तिमीले त्यो खान्छौं, त्यो दिन तिमी निश्चय नै मर्ने छौं।" (उत्पत्ती २:१६:१७)। परमेश्वरले

दिनुभएको यस निर्देशनको तात्पर्य के हो? आदमलाई नैतिक स्वतन्त्रता अर्थात् आत्मनिर्णयको अधिकार परमेश्वरले दिनुभएको थियो भनेर यी पदहरूले कसरी देखाउँछन्?

नैतिक स्वतन्त्रता दुवै आदम र हवालाई परमेश्वरले दिनुभएको थियो भनेर उत्पत्ति ३:१-६मा पाउँछौं। यदि ठिक र वेठिक चुन्ने अधिकार परमेश्वरले नदिनुभएको भए कुन रूखको फल खानु र कुन नखानु भनेर किन सतर्क गराउनु भयो? त्यस जमानामा सिद्ध संसारमा सिद्ध मानिसहरू थिए। तिनीहरूलाई नैतिकवान हुने स्वतन्त्रता दिइएको थियो। मानव जातको उत्पत्तिदेखि नै आत्मनिर्णय अर्थात् के चुन्ने वा नचुन्ने अधिकार परमेश्वरले दिनुभएको थियो भनेर माथिको पदहरूले स्पष्ट पारेका छन्।

उत्पत्ति ३:१-६ पढ्नुहोस्। कुन कुन स्थानहरूमा दुवै आदम र हवाले स्वविवेक अर्थात् आत्मनिर्णयको अधिकार प्रयोग गरिएको थियो? विभिन्न परिस्थिति वा समयमा तिनीहरूले त्यो भन्दा असल निर्णय गर्न सकेका थिए भनेर देखाएका छन्? हामीले के कुरा चुन्न राजी हुनुपर्दछ भनेर यी पदहरूबाट हामीलाई सिकाएको पाउँछौं?

कठपुतली अर्थात् यान्त्रिक मानव (रोबोट) बनाउने परमेश्वरको इच्छा थिएन। हरेक मानिसले स्वतन्त्र रूपमा आफ्नो विवेकलाई प्रयोग गर्न सकुन् भन्ने कुरालाई परमेश्वरले अत्यन्त महत्वपूर्ण मान्नु भएको थियो। तर जब मानिसले त्यस अधिकारलाई दुरुपयोग गरे त परमेश्वरले कस्तो मूल्य चुकाउनु भयो भन्ने कुरालाई सोच्नुहोस्। परमेश्वरले दिनुभएको आत्मनिर्णयको बरदान यस्तो अत्यन्त पवित्र र महत्वपूर्ण थियो, त्यसको महत्वलाई प्रकाशमा पार्न परमेश्वर आफै येशूमा रहेर क्रुसको मृत्यु खप्न राजी हुनभएको थियो। हामीले पाएको स्वविवेक वा आत्मनिर्णयको अधिकारलाई दुरुपयोग गरेको कारण हामी अनन्तको मृत्युमा सहभागी होस् भनेर परमेश्वरलाई हामीलाई त्यसै छोड्न सक्नुहुन्थ्यो। तर सदाशयी तथा करुणामयी परमेश्वरले त्यस अवस्थामा हामीलाई छोड्नुभएन।

कुन् आधारभूत अर्थात् मौलिक भुल आदम र हवा दुवैले गरेका थिए? हामीले पनि यस्तो परिस्थितिहरूको सामना गर्नुपर्दा त्यस्तै भूलबाट हामी कसरी टारिने? दिनदिनको जीवनमा यस्ता प्रलोभन तथा परिस्थितिहरूको सामना हामीले कसरी गरिरहेकाछौं?

## २ आत्मनिर्णयको दुरुपयोगको परिणामः दोषी र भयपूर्ण जीवन (उत्पत्ति ३:७-१३)

उत्पत्ति ३:७-१३ पढ्नुहोस् र तल दिइएका प्रश्नहरूका जवाफ दिनुहोस्ः

क. आदम र हवाले सामना गरेका ती अनुभवलाई एउटै शब्दमा वाख्या गर्नुपर्दा तपाईंले के भन्नुहुन्छ? किन? हाम्रो दैनिक जीवनमा पनि यस्तै खालका अनुभवहरूका सामना हामीले कसरी गरिरहेकाछौं?

ख. पहिला अनुभव नगरेका कुन भावनाहरू त्यस मनाही गरेको रूखको सामु उभिन्दा आदम र हवाले सामना गर्नु परेको थियो? त्यस्तै अनुभवहरू हामीले पनि कतिपटक गरेका छौं, छैन र? किन?

सन् १९७०को दशकमा अमेरिकामा एउटा ठूलो राजनैतिक काण्ड घटेको थियो। त्यो वाटरगेट काण्डको रूपमा बदनाम भएका छन्। त्यस समय त्यस ताकाका तत्कालिन राष्ट्रपति रिचार्ड निक्सनले आफ्नो प्रतिद्वन्द्धीको सभामा जासुस गरेका थिए। जब यो कुरो जनमानसमा खुल्यो, ह्वाइट हाउस अर्थात् अमेरिकाका राष्ट्रपति रहने भवनका कर्मचारीहरूले त्यस काण्डलाई ढाकछोप गर्न धेरै समय बिताए। अन्तमा जन दवावको कारण केहि शिप नलागेर राष्ट्रपती रीचार्ड निक्सनले राजिनामा दिन बाध्य हुनुपर्‍यो। उनको राजिनामा प्रतिद्वन्द्धी डेमोक्राटिक पार्टीको अफिसमा हस्तक्षेप गर्न खोजेको कारणले नभएर आफ्ना सहकर्मीहरूले गरेको कामलाई ढाकछोप गर्न खोजेकोले भएको थियो।

आदम र हवाले पनि ढाकछोप गर्न खोजेको हामी पाउँछौं। परमेश्वरको सामु आफूहरूले गरेका कामलाई लुकाउन खोजेका थिए, अथवा आफूहरू होमिनु परेको दोष अरूलाई थुपार्न खोजेका थिए।

परमेश्वरबाट कुनै कुरा पनि लुकाउन सकिन्दैन भन्ने तथ्य परमेश्वरको बारेमा आत्मज्ञान भएको प्रायजसो सबैलाई थाहा छ। यदि परमेश्वरलाई हाम्रो शिरको प्रत्येक कपाललाई गन्नुहुन्छ भने (मत्ती १०:३०), हामीले कहिलै पनि उहाँलाई छकाउन सक्दैनौं। तर हामी आफैले आफूलाई उल्लु त बनाउन सक्छौं। तर त्यसको लागी अरूलाई दोष लगाउन सजिलो उपायहरू हामी खोजेका हुन्छौं। यदि मेरो हाकिमले यो नगरेको भए म त्यसमा समावेश हुने नै थिइन। यदि मेरा श्रीमान वा श्रीमतीले यो नगरेको भए, मैले पनि गर्ने थिइन। जब

परिक्षामा म परेको थिएँ र मैले प्रार्थना गरेको थिएँ। यदि परमेश्वरले त्यस परिक्षालाई हटाउनु भएको भए, म त्यसमा पर्ने थिइन। यदि यसो भए, मैले त्यसो गर्ने थिइन आदि आदि।

निसन्देह, हामी मानिस भएको कारणले अनेकन प्रभावशाली परिक्षा, प्रलोभन, आकर्षणमा कहिलेकाहिँ पर्दछौं। अझ हामी पापी र पतित स्वभाव भएकोले यस्ता परिस्थितिहरूको सामना गर्नुपर्दा झन खराब भएको हामी पाउँछौं। पाप त खराब नै छ, र त्यसको दुष्परिणाम त खराब नै हुन्छ, तर हामीले गरेको भुललाई जिम्मेवारपूर्ण स्विकार नगर्दा त्यस अपराधले झन हामीलाई नराम्रो बाटोतिर ढकेलेका हुन्छ। यदि हामीले गरेको कामको दोषलाई हामी आफैले स्विकार गर्न सकेनौं भने पापबाट बिजयी कसरी हुने?

तपाँईले गर्नुभएको गलत निर्णयलाई स्विकार गर्न तपाईं कत्तिको खुला हुनुहुन्छ? अथवा के तपाईं जहिले पनि अरूलाई दोष दिन सजिलो बाटो खोजेको पाउनु भएको छ? यदि छ भने, त्यसबाट तपाईं कहिले उम्कने?

## ३. निर्णयः असल र खराब (हिब्रु ११:८-१०)

जब आदम र हवाको पतन भयो, त्यसबेलादेखि हाम्रो धेरै स्वभावहरू पनि बदलेका थिए, तर आत्मनिर्णयको अधिकार अझैसम्म पनि हामीमा छ। हाम्रो स्वतन्त्र इच्छा अनुसार चल्ने बाटोलाई परमेश्वरले हटाउनु भएको छैन। त्यस स्वतन्त्र तथा स्वविवेकलाई कसरी प्रयोग गर्ने अभिभारा हामीमा भएकोले त्यसलाई कसरी प्रयोग गर्ने त्यो जिम्मा हाम्रै हो। परमेश्वरको आज्ञालाई शिरोपर गरेर उहाँको बाटोमा समर्पण गर्दै जान पनि सक्छौं। वा हाम्रो आफ्नै पापमय बाटोलाई चुनेर क्षणिक मज्जाको निम्ति पनि सुम्पन्न सक्दछौं।

अब्राहमले के निर्णयहरू गर्नु परेको थियो भनेर हिब्रू ११:८-१०मा कसरी उल्लेख गरिएकाछन्? उनले गरेको निर्णयहरूबाट हामीले के सिक्न सक्दछौं?

उत्पत्ति १६ र उत्पत्ति २१:९-१४को अनुसार अब्राहमले के गलत निर्णयहरू गरेका थिए? ती निर्णयको परिणामहरू के भएका थिए?

"त्यस ताकाका मानिसहरूमा बहुविवाह प्रचलित चलन भएको हुनाले यसलाई पापको रूपमा लिएको थिएन। यद्यपि, यो चलनले परमेश्वरको दश आज्ञालाई उल्लंघन गरेको थियो। यसले परिवारमा

हुनुपर्ने पवित्रता र शान्तिलाई खलबल्याएको थियो। हागरलाई बिवाह गरेर अब्राहमले आफ्नै परिवार र पछिका पिँढीहरूमा पापलाई भित्र्याएका थिए।"-एलेन जी ह्राईट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. १४५बाट रूपान्तरित।

फेरि त्यहि सन्दर्भमा दानियल १:८-१६ पनि पढ्नुहोस्। "दानियलले आफ्नो हृदयमा यो गर्ने निर्णय गरे" भनेर भन्दा उनको निर्णयमा उनी बुद्धिमानी र बलियो भएको देखाउँछन्। राजाका खाना र पिउने रक्सी नखाने भनेर गरेको निर्णयले उसको जीवनभरी नै प्रभाव पारेको थियो। यसले गर्दा परमेश्वरको ध्यान र विशेष आशिष उनले पाएका पनि थिए। दैनिक जीवनमा दानियलले परमेश्वरलाई प्रार्थना गर्न चुकेनन् र उहाँको वचनको अध्ययन गर्न पनि पछि हटेनन्।

हामीले ठिक निर्णय गर्नु पर्छ भन्ने चाहना गर्नु एक पक्ष हो। तर हृदयदेखि नै चाहना गरेर त्यस निर्णयलाई आत्मसात् गर्नु अर्को पक्ष हो। हामीहरूको मनलाई मनोक्रान्तील्याएर ठिक तथा उचित निर्णयहरू गर्न हाम्रो दिमागलाई कसरी तालिम दिने भनेर देहायका केहि पदहरूले देखाउँछन्, हेर्नुहोस्ः भजन ११०:११, फिलिप्पी ४:८, र कलस्सी३:२।

जसले जे भने पनि, परमेश्वरलाई चुन्ने वा परमेश्वरको खिलाफमा हिंड्ने, यो निर्णय गर्ने अधिकार हामीमै निहित छ। मध्यम मार्ग बाटो बाइबलले देखाउँदैन। हामी कि त एक पक्षमा छौं वा अर्को पक्षमा। यसको अर्थ हामी कहिलै पन भूल गर्दैनौं भनेको होइन। अब्राहमले परमेश्वरको साथमा रहेर पनि भूल गरेका उदाहरणहरू हामीमा छन्। यसको अर्थ, जुनसुकै परिस्थितिमा जाकिनु परेतापनि परमेश्वरको इच्छामा चल्ने चाहना हाम्रो हृदयले गर्नु पर्दछ। कुन ठिक र उचित छ, त्यसको निर्णय गर्ने हाम्रो मनले मान्नु पर्दछ। फेरि के उचित वा ठिक छ भन्ने कुरा कुनै मानिसको दर्शनमा भर नपरेर परमेश्वरको आज्ञामा भर पर्नुपर्दछ। यदि हामी परमेश्वरमै रहिरहेर, उहाँकै इच्छा अनुसार चल्यौं भने कहिलेकाहिँ गलत बाटोमा लागेर पापमा फस्यौं भने पनि उहाँले हामीलाई त्याग्नु हुन्न। तर हामीले गरेको पापप्रति अत्यन्त दोषी भएको महशुस गरेर, नराम्रो मानेर, परमेश्वरको इच्छामा हिंड्नु असम्भव छ भनेर विश्वासको बाटोलाई त्याग्ने निर्णय खतरापूर्ण छन् भन्ने ठान्नुपर्दछ। त्यसकारण, क्रुसको

पाउमा हामी परेर र येशूको सदासयता वा क्षमाशीलताको दावी गरेर आशापूर्ण जीवन बिताउनको विकल्प येशूभक्तमा अरू छैन।

## ४. आत्मनिर्णय र अर्को पिंढी (व्यवस्था ३०:१०-१९)

परमेश्वरका आफ्ना जनहरूलाई दिनुभएको महत्वपूर्ण सन्देश के थियो? हेर्नुहोस्, व्यवस्था ३०:१०-१९। यी पदहरूमा कुनचाहिँ बुँदाहरूले तपाईंलाई प्रभावित पारेका छन्? अझ महत्वपूर्ण कुरा के सम्झनु पर्दछ भने, आमाबाबुले गरेका निर्णयहरूले उनीहरूका सन्तानलाई प्रभावित गर्छ भन्ने तथ्यलाई तपाईंले कसरी बुझ्नुभएको छ? यसको अर्थ के हो? हामीले गरेका निर्णय तथा रोजेका बाटोले हाम्रा छोराछोरीहरूलाई कसरी प्रभावित पार्दछन्?

हाम्रो जीवनमा जे निर्णय गर्दछौं, त्यसले हाम्रो मात्र होइन हाम्रो सन्तानलाई पनि असर गर्दछ। हाम्रा सन्तानमा हामीले पार्ने प्रभाव हामीले अनुमान गरेको भन्दा पनि बढी हुन्छन्। उदाहरणमा मानिसले पिउने रक्सीलाई लिन सक्छौं। ठिक मात्रामा वा अलिकति रक्सीले शरीरलाई राम्रै गर्छ भन्ने बर्तमान तर्क अत्यन्त प्रचिलित भएको पाउँछौं। यथार्थमा भन्ने हो भने यस्तो धारणा मदिरा कम्पनीहरूले उत्पादन गरेका धारणा हुन्। मदिरा उत्पादकहरूले मानिसहरूको जीवनलाई जोखिममा पारेर आफूहरू धनी हुन यस्ता किसिमका हानीकारक तर्कहरूलाई जनमानसमा फैलाएका हुन्। यस्ता धारणाहरूले धेरै युवा युवती र वुज्रुक मानिसहरूलाई धरापमा पारेका छन्। तर थोरैले मात्र सोधअनुसुन्धान गरेर “थोरै रक्सीले मानिसलाई स्वस्थ पार्छ" भन्ने धारणा आधारहिन भएको पाएका छन्। यथार्थमा भन्ने हो भने यस्ता धारणहरू असत्य छन्।

मानव परिवारको निम्ति धेरै श्रापित वस्तुहरूमा रक्सी एक प्रमुख भएको पाइएको छ। मदिरा सेवनले मानिसलाई कसरी विनाश गर्छ भनेर थाहा पाउँदा पाउँदै पनि मानिसहरू कत्तिको मूर्ख छन् कि तिनीहरूले आफ्ना सुरक्षित अँगहरूलाई मदिराको जालोमा जाना जानी पार्दछन्।

७ प्रतिसत मानिसहरू जसले प्रथम मदिरा सेवन गर्दछन्, तिनीहरू जँडयाहा तथा कुनै न कुनै रूपमा लागु पिउने फन्दामा पर्छन् भनेर सोधअनुसुन्धानले पत्ता लगाएका छन्। हामी आमाबाबु भएको हैशियतले हाम्रा घरमा अलिकति जाँड वा रक्सीलाई प्रवेश गराउँदा केहि

हुँदैन भनेर हामी दावी गर्छौं होला। यसले हामीलाई ठूलै रूपमा असर पनि नपार्ला। तर हाम्रा छोराछोरीहरूलाई नी? आजको जमानामा हाम्रा छोराछोरीहरूले अनुसरण गर्नुपर्ने कुनै आदर्श व्यक्तिको अभावमा कस्तो खालको उदाहरण तपाईंले छोड्नुभएको छ? यदि तपाईंले अलिकती मात्रै रक्सी पिउनुभयो भने तपाईंका छोराछोरीहरूले पनि त्यसलाई पिउन प्रेरणा पाउँछन्- ढिलो वा चाँडो। तपाईंले रक्सी पिउनु हुन्छ भने त्यो आदतलाई मनाहि गर्ने नैतिकताले तपाईंका छोराछोरीहरूलाई कुनै असर हुँदैन। तपाईंले लुकाएर भएपनि पिएको रक्सीले तँपाईका छोराछोरीहरूमा त्यसप्रति उत्सुकता जगाउँछ र कालान्तरमा विविध परिस्थितिहरूमा परेर वढि मदिरा पिउन पनि हिच्किचाउँदैनन्। तपाईंले दुःख गरेर हुर्काएको छोराछोरीहरूको जीवनलाई तपाईंकै निर्णयले नाश पार्न के न्यायोचित छ त? मदिरा सेवन नगर्ने परिवार भन्दा मदिरा सेवनलाई सम्मान गरेका घर परिवारका छोराछोरीहरू मदिरासँग सम्वन्धित समस्याहरू बढी भएका अध्ययनले देखाएका छन्। यस सरल तथ्यलाई मात्र आत्मसात् गरे हाम्रा छोराछोरीहरूको अगाडि हामी कस्तो आदर्श तथा नमूना हुनुपर्दछ भन्ने अभिभाराप्रति सजग रहन सिकाउँदछन्।

व्यवस्था ३०:१०-१९ फेरि पढ्नुहोस्। तपाईंले गरेका निर्णयहरूले तपाईं र तपाईंका छोराछोरीहरूलाई प्रभावित पार्दछन्। हुनसक्छ तपाईं निसन्तान हुनसक्नुहोला, यद्यपि, तपाईंले गरेका निर्णयले तपाईंको शरीरलाई किन जोखिममा पार्नुहुन्छ? मदिरा सेवनले अनगिन्ति रोगहरू निम्त्याउँछन्। क्षणिक आनन्दको नाउँमा ती रोगहरूलाई तपाईंले किन भित्राउने? परमेश्वरले दिनुभएका ती असल स्वास्थ्यका नियमहरू हाम्रै हितको लागि हुन्। के उहाँको वचनमा भर पर्न के हामीमा विश्वास छ त?

दैनिक खवरहरूले र अरू धेरै यस्ता उदाहरणहरू छन् जसले मदिरा सेवन गर्दा मानिसहरूलाई कसरी नाश पार्दछन् भनेर देखाउँदछन्। तपाईं किन मूर्ख बनेर मदिराको सेवन गर्दै आफ्ना शरीरलाई नाश पार्नुहुन्छ? अरूलाई पनि गलत बाटोमा लान तपाईं किन अग्रसर हुनुहुन्छ? तपाईंको आचरणले अरूलाई नराम्रो असर पार्छ भने त्यसलाई किन अँगाल्ने?

## ५. आत्मनिर्णय अर्थात् आफूले रोज्ने बाटो र मौका (भजन ८७:५,६)

सबैलाई आफू खुशी रोज्ने अवसर तथा अधिकार दिइएको छ। तर सबैलाई बराबरी रूपमा सफलताको अवसर नहुन सक्छ। कुनै निर्णयले गर्दा भविष्यमा हुने सम्भवहरू र अबसरहरु गुमाइन्छन्। कतिपय मानिसहरूले आफ्नो गलत, वा उचित निर्णयलाई नै अंगाल्दा बेफायदा पनि हुन सक्छ। गलत बाटोमा हिंड्ने परिवारहरूले आफ्ना परिवारलाई अन्धकारको बादलमा जाकिएको तपाईंहरूलाई थाहा छ? उदाहरणमा मादक तथा लागु पदार्थलाई सेवन गर्ने परिवारहरू हेर्नुहोस्। कतिपय त्यस्ता परिवारबाट जन्मेका बालबालिकाहरूको भविष्य अन्धकारमै पुरिएका हुन्छन्। श्रीमान र श्रीमतीको बिचमा हुने कुटामार र बालबालिकाहरूले आफ्ना आमाबाबुको अन्यायपूर्ण कुटाइ सहनु पर्ने परिवारको बारेमा तपाईं के भन्नुहुन्छ? यस्ता परिवारले आर्थिक मात्र होइन मानसिक कङ्गाललाई पनि निम्त्याउँछन्। परमेश्वरको बाटोलाई नरोजेर पापपूर्ण जीवन बिताउँदा कस्ता खालका नकरात्मक परिणामहरू निस्किरहेका छन् त्यसको विवरण दिन साध्य छैन। यो दुःखपूर्ण तथ्य हो, हामी मध्ये कतिपयले त्यस्ता परिस्थितिमा हुर्कन वाध्य भएका छौं जहाँ हाम्रो रोजाइको कारणले होइन।

बाइबलमा यस्तो परिस्थितिमा हामी जन्मिन सक्छौं जुन हाम्रो रोजाइमा होइन भनेर उल्लेख गरिएको छ। हेर्नुहोस् भजन ८७:५,६,८ जहाँ यसो लेखिएको छः "सियोनको विषयमा चाहिँ यो भनिनेछ, 'यो र त्यो त्यहाँ जन्मेका थिए, अनि सर्वोच्च प्रभुले नै त्यसलाई स्थापित गर्नुहुनेछ। परमप्रभुले मानिसहरूका नाउँ आफ्नो दर्ता-खातामा लेख्नुहुनेछ, "यो चाहिँ सियोनमा जन्मेको थियो।" सङ्गित बजाउँदा तिनीहरूले गाउनेछन्, "मेरा सबै पानीका मूलहरू तिमीमा नै छन्।" "अरूलाई दोषी नठहराउ" भन्ने येशूले दिनुभएको मत्ती ७:१,२को उपदेशलाई मध्य नजर राखेर माथिका भजनका लेखकका अभिव्यक्तहरूलाई हामीले राम्ररी कसरी बुझ्ने?

परमेश्वरलाई हाम्रो सबै परिस्थितिहरूको बारेमा ज्ञान छ। हामी मध्य कति जना आततायी तथा भयाभय परिस्थितिमा परेका हुन्छौं जुन हामी छल्न चाहन्छौं। यसप्रति पनि परमेश्वर संवेदनशील हुनुहुन्छ। हामी हरेकको पृष्ठभूमीलाई पूर्ण रूपमा परमेश्वरले जान्नुहुन्छ। विभिन्न भयाभव समस्या र टार्न नसकिने विषयहरूसँग संघर्ष गरेका र गरिरहेका मानिसहरूलाई दैनिक जीवनमा भेटिनै रहेका हुन्छौं। ती परिस्थितिहरू

आफ्ना कारणले नभएर अर्कैका कारणले हुन सक्छन्। उदाहरणमा हेरौं: कतिपय आमा वा बाबुले आफ्ना परिवारलाई चटक्कै छोडेका हुन्छन्, त त्यसको प्रतिकूल असर छोराछोरीहरूले भोग्नु परेको हुन्छ। श्रीमान वा श्रीमतीले अरूसँग गैर-यौन सम्वन्ध राख्दा कस्तो परिणाम निस्केका हुन्छन् भनेर संचार माध्यमहरूले फैलाइरहेको हामी पाउँछौं। साथीभाईहरूको बिचमा हुने धोकापूर्ण व्यवहारले कतिपयको त होस नै गुमेको हामी पाउँछौं। यस्ता भयावह परिस्थितिहरूको लेखाजोखाको अन्त छैन भने पनि हुन्छ। र तिनीहरूलाई मनन गर्दा हामी सबैलाई आतङ्कित बनाउँदैन भन्ने छैन।

तर, हामी सबैले सवभन्दा महत्वपूर्ण निर्णय लिन सक्छौं भन्ने शुभ सन्देशप्रति हामी आभारित हुनुपर्दछ। येशूलाई पछ्याउने निर्णय हामी प्रत्येकलाई सुम्पिएको छ। उहाँ हाम्रो व्यक्तिगत मुक्तिदाता हुनुहुन्छ भनेर रोज्न सक्दछौं। नराम्रो बाटोबाट तर्किन हामी पश्चाताप गर्न सक्छौं। जब हामी बप्तिस्मा लिन्छौं, तब हामी पवित्र आत्माको बरदान पाउँछौं। यस बरदानद्वारा परमेश्वर हाम्रा दिमाग र हृदयमा पस्नुहुन्छ, र हामी कुन बाटोमा हिंड्नु पर्छ भनेर अगुवाई गर्नुहुन्छ। उहाँको अगुवाईमा चल्दा हामीले पवित्र आत्माको फल फलाउन सक्षम हुन्छौं। अनि सचमूच रूपमा, हामी सत्य रूख येशूको हाँगा हुन पुग्छौं (युहन्ना १५)।

गलाती ४:२२,२३ अनुसार पवित्र आत्माको फल फरक फरकढँगले नआएर सामुहिक भएर आउँछन्। जब परमेश्वरको अगुवाईमा हामी सुम्पन्छौं, तब हाम्रो इच्छालाई पवित्र आत्माको संयन्त्रमा पार्दछौं। यसको परिणाम स्वरूप हाम्रो जीवनले सबैको हित चाहने अलङ्कारबाट शुसोभित हुनेछौं। हाम्रो जीवनमा परमेश्वरको शक्तिले हामीले काम गर्न दिएका कारण हाम्रो जीवनका कतिपय तिता तथा नकरात्मक अनुभवहरूलाई उहाँले हटाउनु हुन्छ। हुन सक्छ, ती अनुभवहरू एक समयमा हामीले नै रोजेका होलान् वा हाम्रो संयन्त्रण भन्दा बाहिर भएर हामी परेका थियौं होला।

तपाईंले होइन तर तपाईंको लागि अरूले गरेको निर्णयको कारण त्यसको परिणामसँग तपाईं सामना गरिरहनुभएको होला। के के यस्ता प्रतिकूल निर्णयहरू थिए जुन तपाईंको बसभन्दा बाहिर भएको हुँदा अहिले दुःख पाइरहनुभएको छ? यसबारे तपाईंले चर्चापरिचर्चा गर्नुहोस्। तपाईंकै जीवनमा यस्ता के नकारात्मक तत्वहरू छन् जसलाई हटाउन परमेश्वरले काम गर्नुभएको थियो र गरिरहनुभएको

छ? तपाईं आफैले पनि कुन असल निर्णय लिने अवसर पाउनु भएको छ जसले गर्दा विगतका तितो जीवनबाट मुक्त हुनसक्नुहुन्छ?

## उपसंहारः

थप जानकारीः "हरेक व्यक्तिले स्वर्गको लागि प्रयत्नशील हुनुपर्दछ र नरकबाट पन्छिनु पर्दछ। यदि कुनै व्यक्तिले परमेश्वरको मार्गमा हिंड्न निर्णय गऱ्यो भने स्वर्गका दूतहरू त्यसलाई साथ दिन तत्पर भएका हुन्छन्। यदि त्यस व्यक्ति शैतानको पासोमा पर्न सम्भव देखिए त्यसबाट उम्कन ती दूतहरूले सहायता गर्नेछन्। अनन्त परमेश्वरका पुत्र येशूले सबै खालका परिक्षा र कष्टहरू हाम्रो निम्ति भोग्नुभएको थियो। हरेक व्यक्तिको सामु कलभरीको क्रुस निरन्तर रूपमा खडा भएका हुन्छन्। हरेक मानिसका मामिलाहरूलाई परमेश्वरले न्यायोचित ढँगले फैसला गर्नेछन्। जो मानिस परमेश्वरलाई नरोजी दुष्ट तथा अन्याय जीवन बिताउँछन्, परमेश्वरको राज्यमा पस्न तिनीहरू पाउँदैनन्। तिनीहरू हराएकामा गनिनेछन्। परमेश्वरको आज्ञालाई शिरोपर नगरी उहाँको अपमान गर्नेहरूले सजायँ भोग्नेछन्। तर कसैले पनि, "मलाई थाहा थिएन" भन्ने बहाना गर्ने छैनन्, न त अनन्त मृत्युमा सहभागी हुन आवश्यक नै हुन्छन्। स्वर्गका राजकुमार ख्रीष्ट येशूलाई चुन्ने वा सैतानलाई चुन्ने- यो आत्मनिर्णयको अधिकार हरेक व्यक्तिलाई सुम्पिएको छ।"-एलेन जी ह्वाईट, सेलेक्टेड मेसेजज्, पुस्तक १, पृ. ९६बाट रूपान्तरित।

"आफूले रोजेको आस्था वा धर्मलाई त्याग्न परमेश्वरले करकाम गर्नुहुन्न। तर मानिसहरूको अगाडि ज्योति र अन्धकार, सत्य र असत्यलाई तेर्स्याइ दिएको छ। कुन बाटो रोज्ने, उनीहरूकै जिम्मामा छोडिएका छन्। कसलाई ग्रहण गर्ने, त्यो निर्णय उनीहरूले नै गर्नुपर्दछ। परमेश्वरले हरेक मानिसको दिमागमा ठिक र गलत छुट्याउने चेतना तथा विवेक राखी दिनुभएको छ। यस बरदानले प्रत्येक मानिस परिचालित हुनसक्दछ। अन्यौल, असोभनिय तथा जथाभावी तरिकाले अनुमान गरेर हिंडुने गरी परमेश्वरले मानिसलाई सृष्टि गर्नुभएको छैन। बाइबल पल्टाएर सावधानीपूर्वक पद पद अध्ययन गरेर कुन् बाटो रोज्ने भन्ने निर्णायक विवेकमा हिंड्न प्रत्येक मानिसको व्यक्तिगत जिम्मेवारी हो।"-एलेन जी ह्वाईट, द डिजायर अभ एजेज्, पृ, ४५८बाट रूपान्तरित।

**चिन्तनमनन:**

१. आफ्ना विश्वासी मित्रहरू बिच स्वतन्त्र भन्ने विषयलाई लिएर छलफल गर्नुहोस्। आत्मनिर्णय अर्थात् स्वतन्त्रताको अर्थ के हो? यदि कोहि मानिस कसैको दास हुन रोज्छ भने के त्यो मानिस स्वतन्त्र हुन्छ र? हामी आफै पनि जतिसुकै फलाकेतापनि कत्तिको स्वतन्त्र छौं? स्वतन्त्रको पनि सिमा हुन्छन्, ती के हुन्? कुन बेला स्वतन्त्रता खराब हुन सक्छ?

२. मद्यपान तर सुर्तीको सेवनले कस्ता खालका नकारात्मक परिणामहरू ल्याउँछन्? यी कुलतको पछि लाग्दा कतिमानिसहरू नाश भएका छन् र भइरहेका छन्, सोच्नुहोस्। यस्ता कुलतमा कहिलै नलाग्न किन बुद्धिमान देखिन्छ?

३. कति मानिसहरू स्नेहि र ममतामयी परिवारमा जन्मेका हुन्छन्। कतिपय इसाई परिवारहरू छन् जहाँ आमाबाबुले आफ्ना छोराछोरीहरूलाई माया गर्छन्, सेवासुश्रुषा दिन्छन्, र येशू र उहाँको अनुग्रहको बारेमा शिक्षादिक्षा दिन्छन्। तर कतिपय यस्ता मानिसहरू छन् जसको आमाबाबुले तिनीहरूलाई दुर्व्यवहार गरेका हुन्छन् र तिनीहरूको हितलाई ध्यानमा नराखी आफ्नै मोजमज्जा वा झैंझगडामा लागेर तिनीहरूलाई वेवास्ता गरेका हुन्छन्। इसाई परिवारमै किन नहोस्, आमाबाबुले जतिसुकै येशूको बारेमा बोलेपनि वा प्रचारप्रसार गरेतापनि तिनीहरूले येशूको प्रतिविम्व गरेका छन् भनेर देखाउँदैनन्। येशूकै वचनलाई प्रचार गरेतापनि यस्ता आमाबाबुहरू सैतानका कार्यकर्ता भनेर पुष्टि गरिरहेका हुन्छन्। यस्ता आफ्नै आमाबाबुबाट पनि बिचलित भएकाहरूको निम्ति सुसमाचारले कस्तो आशा दिन सक्छ? तिनीहरूलाई येशूको वचनबाट नै कस्ता प्रतिज्ञाहरू र आश्वासनहरूले उत्साह दिन सक्नुहुन्छ?

४. निसन्देह:, कतिपय मानिसहरू आततायी अर्थात् भयाभव घरमा जन्मेका हुन्छन् र जीवनभर त्यस त्रासपूर्ण अनुभवले पछ्याइ राखेका हुन्छन्। फेरि, त्यसै बखत हामीले जीउने अवसर पाएको बेलामा जीन्दगीभर आफ्ना आमाबाबु, नराम्रो घरमा हुर्कनु परेको जस्ता इतिहासले थेच्याएर हाम्रो समस्यालाई जटिल नबनाउन किन सावधानी अपनाउनु पर्दछ? यस्ता विगतका तिता, नराम्रा र त्रासपूर्ण अनुभवहरूलाई परमेश्वरको अनुग्रहले कसरी माथ गर्ने?